कर्णालीप्रदेश सरकार
उद्योग, पर्यटन, वनतथावातावरणमन्त्रालय
**प्रदेशवननिर्देशनालय**
## डिभिजनवनकार्यालय
रुकुमपश्चिम

## वेवारिस अवस्थामा फेला परेको काठ लिलाम बिक्री सम्बन्धी सूचना

***प्रथमपटक सूचना प्रकाशित मिति २०८०/०४/०८***

यस डिभिजन वन कार्यालय अन्तर्गत चौफा र मुसिकोट सव-डिभिजन वन कार्यालयहरुको कार्य क्षेत्र भित्रवाट बिभिन्न मितिमा वेवारिसे अवस्थामा फेला पारी वरामद भएका तपसिलमा उल्लेखित जात र परिमाणका गालिया तथा चिरानी काठहरुको हकदाबी गर्न आउनको लागि मिति २०८०/०२/१८ र ३१ गते यस कार्यालयवाट सूचना जारी भएकोमा तोकिएको म्याद भित्र कोही कसैको हकदाबी पेश हुन नआएकोले यस कार्यालयको मिति २०८०/०४/०३ गतेको निर्णय अनुसार तपशिल बमोजिमका जात, थान र परिमाणका गोलिया तथा चिरानी काठहरुको लट कायम गरी लिलाम प्रक्रिया द्धारा बिक्री वितरण गर्नु पर्ने भएकोले उक्त काठ जे जस्तो अवस्थामा छ आफ्नै खर्चमा उठाइ लैजाने गरी यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति/फर्म/संस्था तथा काठ व्यवसायीहरुले मिति २०८०/०४/०८ गते गोरक्ष राष्ट्रिय दैनिक पत्रिकामा सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रत्येक लटको छुट्टाछुट्टै रितपूर्वकको गोप्य सिलबन्दी बोलपत्र फाराम पेश गर्नु हुन आह्वान गरिन्छ ।

**तपसिल**

**१. लिलामबिकी हुने वन पैदावारको विवरण**

| सि. नं. | लट नं. | जात | किसिम | थान | चिरान | गोलियामा परिणत गर्दा | मुल्यांकन रकम | | घाटगद्दी स्थान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | परिमाण ( क्यु.फि.) | परिमाण (क्यु.फि.) | न्युनतम रु. | ढुवानी, लोडअनलोड, सुचना खर्च), | |
| १. | १ | खोटे सल्ला | गोलिया | ७ | 0.00 | ६९.४७ | २४३१४/५० | १५०००/ | चौफा सव-डि.व.का. कम्पाउण्ड |
| २ | २ | टुनी | गोलिया | १५ | 0.00 | २८.१८ | ६१५५४/६० | ३५०००/ | डि.व.का. कम्पाउण्ड |
| | | | चिरानी | ४० | १२६.४३ | १७७.००२ | | | |

**२. बोलपत्र फाराम खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय**

क) बोलपत्र खरिद गर्ने अन्तिममिति : २०८०/०४/२२गते दिनको ५:00 वजे सम्म ।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०८०/०४/२३गते दिनको १२:00 वजेसम्म ।

ग)बोलपत्र खोलिने मिति २०८०/०४/२३गते दिनको ४:३0 वजे ।

३. बोलपत्र डिभिजन वन कार्यालय, रुकुम पश्चिमवाट खरिद गरी दाखिला गर्न सकिनेछ ।

४. बोलपत्र साथ धरौटी वापत कवोल अंकको १0% ले हुन आउने रकम वोलपत्र खरीद गरेको कार्यालयको प्रदेश लेखा ईकाइ कार्यालयको धरौटी खातामा नम्बर ०७७२०००००२००३०००००१खर१.३ (डिभिजन वन कार्यालयको कोड नम्बर ३०७०२५९०१६) मा जम्मा गरेको सक्कलै भौचर समावेश हुनु पर्नेछ ।

५ बैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तीमा ६ महिना सम्मको लागि हुनु पर्ने छ ।

६. बोलपत्र फारम वापत प्रति लट रु.३00।- (पछि फिर्ता नहुने गरी) यस कार्यालयको आर्थिक प्रसासन शाखामा तिरी वोलपत्र खरीद गर्न सकिने छ।बोलपत्रखरिदका लागिराजश्व खाता नम्बर २७५०२००००१००१०००००१(डिभिजन वन कार्यालयको कोड नम्बर ३०७०२५९०१६)राजश्व शिर्षक नम्बर १४२२९ माजम्मा गर्नु पर्नेछ ।

७. लिलाम बढावढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र डि.व.का. र चौफा सव डि.व.काको कम्पाउन्डमा रहेको घाटगद्दी स्थलमा कार्यालय समयमा गई हेर्न सकिनेछ ।

८.लिलाममा भागलिने इच्छुक काष्ठ व्यवसायी, संघ संस्था, फर्म वाकम्पनीका प्रोपाइटरले नेपालीनागरिकताप्रमाण-पत्रको प्रतिलिपी, करदाता प्रमाण-पत्रको प्रतिलिपी, मूल्यअभिवृद्धि कर दर्ता प्रमाण-पत्रको प्रतिलिपी र स्थायी लेखा नं.(PAN No.) दर्ता प्रमाण-पत्रको प्रतिलिपी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

कर्णालीप्रदेश सरकार
उद्योग, पर्यटन, वनतथावातावरणमन्त्रालय
**प्रदेशवननिर्देशनालय**
## डिभिजनवनकार्यालय
रुकुमपश्चिम

९. निर्धारित गरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका शिलबन्दी बोलपत्र मिति २०८०/०४/२३गते दिनको ४:३० बजे साक्षीहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । सो दिन सार्वजनिक बिदा परे सो को भोलिपल्ट खोलिने छ ।

१०. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १०(दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्यअभिवृद्धिकर तथा कटान · मुछान, लोड अनलोड र ढुवानी, खर्च समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्ने छ ।

११. बोलपत्र सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

१२. बोलपत्रमा सहभागीहुन चाहाने इच्छुक काष्ठ व्यवसायी, संघ संस्था, फर्म वा कम्पन्नीहरुले आ.व २०७८।७९ को कर चुक्ता,प्रमाणपत्र तथा २०७९।८० सम्मको फर्म नविकरण प्रमाण पत्र ।

१२. बोलपत्र सद्दर वा बद्दर गर्ने सम्पूर्ण अधिकार यस कार्यालयको अधिकार प्राप्त अधिकारीमा निहित रहनेछ ।

१३.यस बाहेक अन्य कुरा प्रचलित कानून अनुसार हुनेछ ।